जि.प्र.का.झापा द.नं.६१। ०५७/०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



## साढे तीन दशकले थोपरेका बेथितिहरूको परिष्कार सहज छैन ! (२)

नकूल काजी

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९




❑ वर्ष-२१ ❑ अंक - १६६ ❑ २०८३ असार १० गते बुधबार ❑ Wednesday, 24 June, 2026 ❑ मूल्य ७ /-

### सबै फाइल खोल्न सरकारलाई गगन थापाको चुनौती

# निष्पक्ष अनुसन्धान गर्न आग्रह

पूर्वसन्देश समाचार



**दमक/** दोषी जोसुकै भए पनि कानुनी प्रक्रिया र विधिको शासनअनुसार कारबाही हुनुपर्ने भन्दै नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले भ्रष्टाचार र अनियमिततासम्बन्धी सबै फाइल खोल्न सरकारलाई चुनौती दिएका छन् ।

मंगलबार झापाको बिर्तामोडमा आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै सभापति थापाले भ्रष्टाचारका सबै प्रकरणको निष्पक्ष अनुसन्धान गर्न आग्रह गरे । उनले अनुसन्धान कानुनी प्रक्रिया र विधिको शासनभित्र रहेर हुनुपर्नेमा जोड दिएका छन् ।

छानविनमा कांग्रेसका नेता परेपनि पार्टीले जोगाउने प्रयास नगर्ने स्पष्ट पार्दै उनले भने, 'सबै फाइल खोल्नुस्, सबै काण्डको अनुसन्धान गर्नुस् । त्यसमा कांग्रेसका नेता परे भने पनि हामी जोगाउन खोज्दैनौं । तर, अनुसन्धान लहडका भरमा होइन, कानुनी प्रक्रियाअनुसार हुनुपर्छ ।' चाहे नेपाली काँग्रेसको ब्याक्ति परोस् या अन्य दलको त्यसमा हामीलाई कुनै टाउको दुखाई हुनेछैन तर छानविन निष्पक्ष हुन जरूरी छ । आग्रह र पूर्वाग्रह राखेर गरिएको छानविन कदापी स्वीकार्य हुनेछैन, उनले भने ।

थापाले पार्टीको क्रियाशील सदस्यता अद्यावधिक नगर्ने नेता-कार्यकर्तालाई लक्षित गर्दै अब पार्टीको डिजिटल प्रणालीले अद्यावधिक नभएका सदस्यलाई नचिन्ने बताएका छन् । उनका अनुसार वडादेखिका अधिवेशनमा नाम नै नआउने भएकाले भोट हाल्नसमेत नपाइने अवस्था रहनेछ ।

अद्यावधिक नगर्नुभएको साथीलाई नेपाली कांग्रेसले सम्मान गर्छ, माया गर्छ, तर पार्टी सदस्यका रूपमा चिन्दैन । अब सिस्टमले नै चिन्दैन, उनले भने, वडा अधिवेशन सुरू हुँदा अद्यावधिक नभएका साथीहरूको नाम सूचीमा आउँदैन ।

पछिल्ला आठ-दस वर्षमा नेपाली कांग्रेसलाई कमजोर बनाइएको भन्दै उनले पार्टीलाई पुनः भरोसायोग्य बनाउन आफूहरु अभियानमा रहेको बताए । पार्टी सुधारको यात्रामा अवरोध सिर्जना गर्ने प्रस्तावहरु स्वीकार नगर्ने उनको भनाइ थियो ।

'बीपी कोइरालाले बनाएको पार्टीलाई पछिल्लो आठ-दस वर्षमा छियाछिया पारियो। अहिले सुधार गर्ने संकल्प लिएर आएका छौं । यस यात्रालाई रोक्ने प्रस्तावहरु स्वीकार हुँदैनन्,' उनले भने। थापाले पार्टीको नेतृत्वमा नयाँ पुस्ता अघि आउन थालेकोमा खुसी व्यक्त गर्दै अब कांग्रेसलाई युवाले सम्हाल्ने विश्वास व्यक्त गरे। लामो समय एउटै पदमा अड्किएर बस्ने संस्कृतिले पार्टी चल्न नसक्ने उनको टिप्पणी थियो ।

थापाले पार्टीको प्रतिष्ठा र जनविश्वास पुनः स्थापित गर्न घरघरमा पुगेर काम गर्नुपर्ने बाँकी ४ पेजमा ▸▸

## सरकारविरुद्ध संघर्ष गर्ने एमालेको निर्णय

**दमक/**नेकपा एमाले संसदीय दलको बैठकले उपाध्यक्ष विष्णु पौडेलको पक्राउ कानुनी राज्यको खिलाफमा भएको निष्कर्ष निकाल्दै संसदमा संघर्ष गर्ने निर्णय गरेको छ । संसदीय दलको मंगलबारको बैठकले सरकारको तानाशाही र अधिनायकवादी चरित्रविरूद्ध संसदमा संघर्ष गर्ने निर्णय गरेको प्रमुख सचेतक ऐनबहादुर महरले जानकारी दिए ।

'पार्टी उपाध्यक्ष विष्णु पौडेललाई जसरी अपमानपूर्ण ढंगले पक्राउ गरियो, उहाँसँग राज्यको पिएसओ साथमै भएको र काठमाडौं आउने तयारी रहेकै अबस्थामा रातारात पक्राउ गरी अपराधीलाई झैं व्यबहार गरेर जसरी सार्बजनिक यातायातबाट काठमाडौं ल्याइयो । त्यो कदम कानुनी राज्यको खिलाफमा छ । यसप्रति संसदीय दलले बिरोध र भर्त्सना गर्दै अविलम्ब विनाशर्त रिहाई माग गरेको छ' महरले भने । बाँकी ४ पेजमा ▸▸

## चट्याङ लागेर एकजनाको मृत्यु

**दमक/** झापाको गौरीगञ्ज गाउँपालिकामा ३ स्थित सयपत्री टोलम चट्याङ लागेर एकजनाको मृत्यु भएको छ । भोजपुर आमचोक गाउँपालिका-९ धुम्बाना जोगेपाथर टोल निवासी ३० वर्षीय बलबहादुर श्रेष्ठको चट्याङ लागेर मंगलबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कायालय झापाले जनाएको छ ।

उनी गौरीगञ्ज गाउँपालिका-३ स्थित ३ सयपत्री टोलमा चन्द्रमाया श्रेष्ठको घरमा डेरा बस्दै आएका थिए ।

स्थानीयका अनुसार बिहान खेतबारीमा आली तास्ने काम गरिरहेका श्रेष्ठमाथि अचानक चट्याङ परेको थियो । उनको घटनास्थलमै मृत्यु भएको हो प्रहरीले जनाएको छ ।

## पहिरोले तीनघरमा क्षति

**ताप्लेजुङ/** अविरल वर्षासँगै पहिरो झर्दा ताप्लेजुङको सावादिनमा आधा दर्जन घरमा क्षति पुगेको छ। फक्ताङ्लुङ गाउँपालिका -१ सावादिनको तेम्बुङ टोलमा पहिरोले तीन घरमा क्षति गरेको हो। सावादिनका वडाध्यक्ष यज्ञप्रसाद लिम्बूका अनुसार अविरल वर्षाका कारण बस्ति माथिदेखि झरेको पहिरोले स्थानीय गणेश कटुवाल, दुर्गा लिम्बू र सोमबहादुर लिम्बूको घरमा क्षति गरेको हो। त्यस्तै, पहिरोले स्थानीय नरेन्द्र लिम्बूको घरमा पूर्णरुपमा क्षति पुगेको छ भने अन्य दुई घरमा आंशिक क्षति पुगेको छ।

रातको समयमा पहिरो झरेको भए पनि मानवीय क्षति बाँकी ४ पेजमा ▸▸

# पूर्वी नाकामा एकीकृत जाँच एकाइ पुनः सञ्चालनमा

**दमक/** जेनजी आन्दोलनका क्रममा क्षति पुगेपछि बन्द भएको 'एकीकृत जाँच एकाइ' झन्डै १० महिनापछि पुनः सञ्चालनमा आएको छ । पूर्वी सीमा नाका काँकरभिट्टामा यात्रु तथा मालवस्तुको चेकजाँचलाई व्यवस्थित र प्रभावकारी बनाउन 'एकीकृत जाँच एकाइ' पुनः सञ्चालनमा ल्याइएको हो ।

सोमबारदेखि सञ्चालनमा आएको यस एकाइमा मेची भन्सार कार्यालय, इलाका प्रहरी कार्यालय काँकरभिट्टा तथा सशस्त्र प्रहरी बल नेपालको सीमा सुरक्षा गुल्मका सुरक्षाकर्मीले एउटै स्थानबाट संयुक्त रूपमा यात्रुका सामानको परीक्षण गर्ने व्यवस्थाको शुभारम्भ गरेका हुन् । योसँगै सीमा सुरक्षा, भन्सार निगरानी तथा यात्रु सेवामा समन्वयात्मक सुधार हुने अपेक्षा गरिएको छ ।

मेचीनगर नगरपालिका-६ स्थित काँकरभिट्टा नाका भारतको पश्चिम बङ्गाल राज्यअन्तर्गत दार्जिलिङ जिल्लाको पानीट्याङ्कीसँग जोडिएको नेपालको व्यस्त अन्तर्राष्ट्रिय प्रवेशद्वार हो । यस नाकाबाट दैनिक हजारौं यात्रु आवतजावत तथा ठूलो परिमाणमा मालवस्तु ओसारपसार हुने भएकाले प्रभावकारी जाँच प्रणालीको आवश्यकता लामो समयदेखि महसुस हुँदै आएको थियो ।

यसअघि मेची भन्सार कार्यालय परिसरमा अत्याधुनिक 'एक्स-रे' मेसिनसहित एकद्वार भन्सार जाँच प्रणाली सञ्चालनमा थियो। भन्सार, नेपाल प्रहरी र सशस्त्र प्रहरीले एउटै स्थानबाट संयुक्त रूपमा निगरानी गर्दा चोरी-तस्करी नियन्त्रणमा सहयोग पुग्नुका साथै यात्रुले सहज सेवा पाउँदै आएका थिए ।

तर, गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा उक्त संरचनामा आगजनी भएपछि जाँच प्रणाली पूर्ण रूपमा प्रभावित भएको थियो। भवन तथा उपकरणमा क्षति पुगेपछि सम्बन्धित निकायले छुट्टाछुट्टै स्थानबाट चेकजाँच गर्दै आएका थिए । यसले यात्रुलाई पटक-पटक सामान देखाउनुपर्ने अवस्था सिर्जना गर्नुका साथै सुरक्षा निकायबीच समन्वयमा चुनौती बाँकी ४ पेजमा ▸▸

# शेयर बजार चार महिनायताकै न्युन विन्दुमा

**दमक/** साताको दोस्रो कारोबार दिन मंगलबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अंकले घट्दै २७०० विन्दुमुनि झरेको छ । अघिल्लो दिनको तुलनामा बजारमा कारोबार रकमसमेत घटेको छ ।

यस दिन नेप्से परिसूचक २६.१६ अंक घटेको हो । अघिल्लो दिन १।४६ अंक घटेको थियो । नेप्से परिसूचक २६७४ अंकमा कायम भएको छ ।

यो अंक फागुन १७ यताकै न्यून हो । फागुन १७ गते नेप्से २७७३ अंकमा थियो । आज बजार परिसूचक दिनभरजसो रातो रह्यो । अघिल्ला दिनहरूमा प्रायः एकल अंकमा घटबढ भइरहेको बजारमा मंगलबारको गिरावट दर केही ठूलो हो । अघिल्लो कारोबार दिन ४ अर्ब ४४ करोड रूपैयाँभन्दा बढीको कारोबार भएको बजारमा मंगलबार ३५३ कम्पनीका एक करोड ४० हजार कित्ता शेयर ७२ हजार ८५४ पटक किनबेच हुँदा कुल कारोबार रकम ४ अर्ब ३६ करोड २१ लाख ९४ हजार रूपैयाँमा सीमित भएको छ ।

यस दिन पनि टक्सार पिखुवा खोला हाइड्रोपावर र याम्बालिङ् हाइड्रोपावरको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । मूल्य बढेका अन्य कम्पनीको वृद्धिदर भने ६ प्रतिशतभन्दा कम रहेको छ । यता, बुंगल हाइड्रोपावरको शेयर मूल्य सर्वाधिक १५ प्रतिशतले घटेको छ । एपोलो हाइड्रोपावरको शेयर मूल्य पनि ११ प्रतिशतभन्दा बढीले ओरालो लागेको छ ।

कारोबार रकमका आधारमा आँखुखोला जलविद्युत कम्पनी शीर्ष स्थानमा पुगेको छ । उक्त कम्पनीको ३४ करोड १६ लाख रूपैयाँ बराबरको शेयर किनबेच भएको छ । सोपान फर्मास्युटिकल्सको करिब १९ करोड रूपैयाँ तथा रिलायन्स स्पिनिङ मिल्सको १७ करोड रूपैयाँभन्दा बढीको कारोबार भएको छ ।

१३ उपसमूहमध्ये मंगलबार केवल म्युचुअल फण्ड उपसमूहको परिसूचक सामान्य बढेको छ भने बाँकी १२ उपसमूह रातामे भएका छन् । उत्पादन तथा प्रशोधन उपसमूह सर्वाधिक १.९२ प्रतिशतले घटेको छ । वित्त, होटल तथा पर्यटन, जलविद्युत, लगानी, निर्जीवन बीमा र व्यापार उपसमूहमा पनि एक प्रतिशतभन्दा बढी गिरावट आएको छ ।

## कारको ठक्करबाट वरिष्ठ सईको मृत्यु

**इटहरी/** सुनसरीको बर्जु गाउँपालिकामा डाक्टरले चलाएको कारको ठक्करबाट नेपाल प्रहरीका एक वरिष्ठ प्रहरी नायब निरीक्षक( वरिष्ठ सई) को मृत्यु भएको छ। हुलाकी राजमार्गअन्तर्गत बर्जु गाउँपालिका-६ नरह चोकनजिक मंगलबार दिउँसो भएको दुर्घटनामा वरिष्ठ सई लालकुमार यादवको मृत्यु भएको हो।

सुनसरी प्रहरी प्रमुख एसपी केशवकुमार थेवेका अनुसार विराटनगरबाट बर्जुको चिमडीतर्फ जाँदै गरेको प्र १-०२-००२ च ६२५२ नम्बरको ईभी कारले विपरीत दिशाबाट आउँदै गरेको प्र १-०१-००३ प २६१२ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। दुर्घटनामा परेर मोटरसाइकल चालक सप्तरीको विष्णुपुर गाउँपालिका-१ घर भएका ५० वर्षीय वरिष्ठ सई यादव गम्भीर घाइते भएका थिए।

# रास्वपाको बन्दसत्र शुरू




**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफूले दुःख गरेर पार्टी निर्माण गरेको स्मरण गर्दै गुट उपगुटका नाममा राजनीति नगर्न नेताहरूलाई आग्रह गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को ऐतिहासिक प्रथम राष्ट्रिय महाधिवेशनको बन्दसत्रलाई सम्बोधन गर्दै लामिछानेले गुटउपगुटले सही परिणाम नदिने भन्दै नेताहरूलाई उसो भनेका हुन् हुन्।

बन्दसत्रमा सांगठनिक, आर्थिक र राजनीतिक प्रतिवेदनहरूमाथि घनीभूत छलफल हुने कार्यतालिका रहेको छ।

बन्दसत्र सुरु भएसँगै केहीबेरमा अनुशासन आयोगका तर्फबाट रमाकान्त रिमालले प्रतिवेदन प्रस्तुत गरेपछि कोषाध्यक्ष लिमा अधिकारीले पार्टीको वित्तीय प्रतिवेदन प्रस्तुत गरी छलफल बढ्ने तालिका सार्वजनिक गरिएको थियो। यसैगरी, त्यसपछि महामन्त्री कविन्द्र बुर्लाकोटीले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रम तय भएको छ। महाधिवेशनको विशेष आकर्षणका रूपमा विधान संशोधनको प्रस्ताव रहनेछ। केन्द्रीय समितिबाट पारित विधान संशोधन बाँकी ४ पेजमा ▸▸

# बदलिँदै भोजपुरका किसानको जीवनस्तर

*भोजपुर/ परम्परागत खेतीपाती छाडेर नगदेबालीका रूपमा कफीखेतीबाट राम्रो आम्दानी हुने देखेपछि भोजपुरका किसान केही वर्षयता यसको व्यावसायिक खेतीमा लागेका छन् । आफूले उत्पादन गरेको प्राङ्गारिक (अर्ग्यानिक) कफीको माग अन्तर्राष्ट्रिय बजारमा निरन्तर बढ्न थालेपछि भोजपुरको षडानन्द नगरपालिकाका कृषक जीवन थापा निकै उत्साहित देखिन्छन् ।*



*थापाले ६५ रोपनी क्षेत्रफलमा कफीखेती विस्तार गरेका छन् । उनले उत्पादन गरेको कफीको बजारका लागि कुनै समस्या छैन र यो स्वदेशी बजारमा मात्र नभई विदेशमा समेत निर्यात हुन थालेको छ । उनी अहिलेसम्म करिब एक हजार केजी कफी विदेश निर्यात गरिसकेको बताउँछन् ।*

*हाल उनी आफ्नै प्रशोधन उद्योगमार्फत कफीको मूल्यवर्द्धन गरिरहेका छन्। 'कच्चा दाना मात्र बेच्नुभन्दा प्रशोधन गरेर बेच्दा मूल्य दोब्बर हुन्छ,' उनी भन्छन् । थापाजस्तै अन्य किसान पनि कफीखेतीतर्फ आकर्षित भएका छन् । स्थानीय कृषक प्रितमकुमार राई कफीखेतीलाई* बाँकी ४ पेजमा ▸▸

**दमक नगरपालिका दमक झापाको**

## जनहितमा जारी सूचना



- लामखुटेको टोकाइबाट बच्नुहोस् ।
- *डेंगु संक्रमणबाट आफू र आफ्ना परिवारलाई बचाउनका लागि सावधानी अपनाउनुहोस् ।*
- सुत्दा झुलको प्रयोग गर्नुहोस् ।
- लामखुट्टेको टोकाइबाट बचाउने धुप तथा झोलको (रिपेलेन्ट) प्रयोग गर्नुहोस् ।
- पुरै बाहुला भएका अथवा लामो बाहुला भएका कपडा लगाउनुहोस् ।
- ट्यांकी र कुलरहरु हप्तामा एकचोटी सफा गर्नुहोस् ।
- वरपर पानी जम्न नदिनुहोस् ।
- डेंगुका कुनै पनि लक्षण देखिएमा उपचारका लागि स्वास्थ्य संस्थामा जानुहोस् ।

# सम्पादकीय

## वर्षायामसँगै सर्पदंशको जोखिम

वर्षायाम सुरू भएसँगै तराईका जिल्लाहरुमा बाढी, डुबान र सरूवा रोगको प्रकोप मात्र होइन, सर्पदंश (सर्पको टोकाइ) को गम्भीर समस्या पनि बल्भिने गरेको छ । हाल झापा लगायत तराईका विभिन्न भूभागहरुमा सर्पदंशका बिरामीहरुको संख्या बढेको छ । यो हरेक वर्ष दोहोरिने नियति जस्तै बनेको छ, जसका कारण धेरै नागरिकले अकालमै ज्यान गुमाउनु परिरहेको छ । यस्तो अवस्थामा सम्भावित जोखिमबाट बच्न र जनधनको क्षति न्यूनीकरण गर्न व्यापक जनचेतना र स्वास्थ्य संयन्त्रको पूर्वतयारी अपरिहार्य बनेको छ ।

तराई क्षेत्रको भौगोलिक बनोट, झाडी, र ओसिलो वातावरण सर्पका लागि अनुकूल वासस्थान हो । वर्षाको पानीले सर्पको दुलो भरिएपछि तिनीहरु सुरक्षित स्थानको खोजीमा बाहिर निस्कन्छन् र मानिसको घरगोठ वा आउजाउ गर्ने बाटोमा आइपुग्छन् । विशेष गरी रातिको समयमा खेतबारीमा काम गर्दा वा भुइँमा सुत्ने क्रममा मानिसहरु सर्पदंशको सिकार हुने गरेका छन् ।

सर्पदंश आफैँमा जति डरलाग्दो छ, त्योभन्दा बढी खतरनाक यसप्रतिको चेतनाको कमी र समाजमा व्याप्त अन्धविश्वास हो । आजको आधुनिक युगमा पनि सर्पले टोक्नासाथ अस्पताल लैजानुको साटो झारफुक गर्ने, धामीझाँक्रीकहाँ धाउने र विष ओराल्ने बहानामा समय बर्बाद गर्ने प्रवृत्ति पूर्ण रुपमा अन्त्य हुन सकेको छैन । विषालु सर्पले टोकेको अवस्थामा ढिलाइ हुनु भनेको सिधै मृत्युलाई आमन्त्रण गर्नु हो । त्यसैले, सर्पदंशका बिरामीलाई सुरूवाती समयभित्रै एन्टिस्नेक भेनम उपलब्ध भएको स्वास्थ्य केन्द्र वा सर्पदंश उपचार केन्द्रमा पुऱ्याउनु नै ज्यान जोगाउने एकमात्र विकल्प हो ।

यस समस्याको समाधानका लागि पालिका तहदेखि नै ठोस र एकीकृत कदम चालिनु आवश्यक छ । स्थानीय सरकार र सरोकारवाला निकायले वर्षायाम सुरू हुनु अगावै गाउँ-गाउँमा सर्पदंशबाट बच्ने उपाय र टोकेपछि गर्नुपर्ने प्राथमिक उपचारबारे सचेतना अभियान सञ्चालन गर्नु पर्दछ, जसले झारफुकको भ्रमलाई चिर्न सकोस् । नागरिक स्तरबाट पनि घर वरिपरिको झाडी सफा राख्ने, भित्ताका दुलोहरु टाल्ने, राति हिँड्दा अनिवार्य रुपमा बत्ती वा टर्चको प्रयोग गर्ने र भुइँमा सुत्नुको साटो झुल टाँगेर खाटमा सुत्ने जस्ता व्यावहारिक सतर्कता अपनाउनु जरूरी छ ।

यसका साथै, राज्यको स्वास्थ्य संयन्त्रले झापा लगायतका जोखिमयुक्त जिल्लाका प्राथमिक स्वास्थ्य केन्ऽहरुमा पर्याप्त मात्रामा एन्टिस्नेक भेनमको मौज्दात सुनिश्चित गर्दै दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्न ढिलाइ गर्नु हुँदैन । सर्पदंशका बिरामीलाई तत्काल अस्पताल पुऱ्याउन ग्रामीण क्षेत्रमा एम्बुलेन्स सेवालाई चौबीसै घण्टा तयारी अवस्थामा राख्नु उत्तिकै महत्वपूर्ण हुन्छ ।

सर्पदंशको समस्या प्राकृतिक भए पनि यसबाट हुने मृत्यु मानवीय सचेतना र व्यवस्थापकीय चुस्तताबाट रोक्न सकिन्छ । सर्वसाधारण आफैँ सजग बन्ने र राज्यका निकायहरुले उपचार सेवालाई प्रभावकारी बनाउने हो भने अकालमा जाने धेरैको ज्यान जोगाउन [illegible] ।

# साढे तीन दशकले थोपरेका बेथितिहरूको परिष्कार सहज छैन !



✍ नकूल काजी

देशका अत्यधिक बहुसंख्यक नागरिकको जीवन-दैनिकी दिनानुदिन कठिनाइग्रस्त बन्दै गएको छ ।

अनियन्त्रित रूपमा महंगी र अभावको प्रकोप र वेथितिले घेर्दै लगिइरहेका नागरिकको सो दुरावस्थाको आकार दैनन्दिन गतिमान छ । यसलाई सम्बोधन गर्नुपर्ने र समाधानका उपायहरू उत्सर्जन गर्नुपर्ने कर्त्तव्य बोकेका सांसदहरू भने हाल चालू अधिवेशनमा समेत नागरिकका वास्तविक जीजिविषासँग प्रत्यक्ष सरोकार हुने यी-इत्यादि विषयभन्दा टाढिएर राज्यको शक्ति खोस्ने कथुरे बखेडाका झाँकी नारिरहेका छन् ।

झन्नै बहुमत प्राप्त सत्तारूढ पार्टीका सांसदहरू त अधिकांश टेबल ठटाउने प्रयोजनमै सीमित देखिइरहेका छन् भने केही तुलनात्मक बोलैयाहरू पनि अहिलेसम्म प्रतिपक्षले उठाइरहेका सवालको कानूनी विधि-व्याख्यारूपी जवाफ दिनुमै अल्भिरहेका देखिइरहेका छन् । केही मन्त्रीले कतैको पनि स्वाभाविक सवालको काँठे जवाफ फर्काएर वा विधि-प्रणालीको लय छोडेर टोले-गुण्डे आदेशले आफूलाई हल्काकरण गर्ने नकाम पनि गर्दैछन् । अर्थात् , यसरी पनि नागरिक-अपेक्षाले दोहोरो लछार-पछारमा अभिशप्त हुनु परिरहेको अनुभूत गर्दैछ ।

मौजूदा 'राज्य'-को मेरुदण्ड कमजोरै छ कि अथवा राज्यसत्ताको अभ्यास काँचो र अपरिपक्व भएर हाल-तत्काल यस्तो देखिएको हो ? बुझ्न गाह्रो पर्न थालेको छ । यति बलियो जन-धरातलमा खडा राज्यका दुई प्रमुख अंगकै चालामाला 'बुझ्नसक्ने हविगतका नागरिक'-का लागि कसो-कसो अक्करिलो र दुर्बोधगम्य बनिरहेको छ भने अधिक बहुसंख्यक अबोध वर्गका लागि कसो भइरहेको होला ? प्रश्नका सुइराहरू बोधा छैनन् । तर, नागरिकका आशा र भरोसा ओइलाएको छैन, 'उतार-चढाउको सिलसिलाले त विश्वमै कहाँ पो विश्राम लिएको सुनिन्छ र ?' भनी चित्त थाम्नु परिरहेका छ ।

यसअघि केपी ओली, शेरबहादुर देउवा र छविलाल दाहालको विभिन्न रंग र ढंगका हुकुमी अख्तियारशाली प्रधानमन्त्रीत्वको शासनमा जन-धरातलका प्रति उनीहरूका सम्वेदनाशून्य सत्तोन्मादले मत्त र उनीहरू निकट चङ्के-चतुरे ऐफेरुहरूका स्वार्थ-सम्पूरक गलत सल्लाह तथा उदरम्भर चलखेलले यो देश सर्वत्र भताभुङ्ग भएकै हो । ती कालखण्डका अनगिन्ती अघोषित अबैध घटनाहरूबाट आजित निर्धा-निमुखा लगभग आम समाजको अनुभूतिगत मनोविज्ञानकै आज्ञप्तिबाट जन्मिएको हो जेन-जेड विद्रोह - जो इतिहासको अपूर्व कायापलटको श्रेयले धन्य छ ।

यी तीन शासकले लोकतान्त्रिक गणतन्त्रको त मोरो काडेरै छाडेका हुन् । र, अहिले ती तीनका छत्रछायाँमा विभ्रान्तियुक्त विलास टुटेपछि भोकाएका स्वामीभक्तहरू जति सबै बटुलबाटुल भएर अपवित्र रूपमा गठबन्धित भई मौजूदा परिवर्तनका प्रति खिच्चो भुकाइ भुकिरहेका न हुन् । त्यसो नभए अरू के हो र अहिलेको उकुर्जीमय र अप्डेरे हल्ला ? यस्ता हल्लालाई, यद्यपि, जनमतले सबल आजको सरकारी पार्टीले चित्तबुझ्दो ठेगान लगाउन नसक्नुले मात्र न अचम्म र उदेक लाग्ने विषय बनेको हो । लोकतान्त्रिक शासनमा 'जनता'-लाई महान र शक्तिको स्रोत मान्नुपर्ने र सो मुताविक शासकीय शक्ति सम्वर्द्धित हुनु त स्वयम् संवैधानिक आदेश नै छैन र ? यसलाई सर्वोपरि महत्वको विषय मान्न केले रोकेको थियो र ?

उपर्युक्त तीन राजनीतिक मुखियाहरूले देश र देशवासीद्वारा आत्मसमर्पित लोकतान्त्रिक गणतन्त्रलाई अघोषित लुटतन्त्रमा अनुवाद गरेकै हुन् । र, त्यसकै सम्भरणमा पन्पाउन पाइरहेकाहरूमध्ये केही सिलिङ-मिलिङ चङ्के-चतुरेहरूले न 'जनता'-बाट व्यवस्थापिकामा जान अनुकम्पित हुन पाएका होलान् । ती स्वामीभक्तहरू त्यहाँ पुगेपछि 'कसका टाउकामा टेकेर यहाँ आइपुगियो ?' भनेर हेर्ने ढंग पार्दैनन् भने पतनको मूल प्रस्थानबिन्दु त अब अर्को के होला त ? तर, यो कुरो उनीहरूमा अनुभूत गराउन राज्यशक्तिमा आसीनहरूको चाल 'लोते' र अल्मलको खल्बलमा भिमलायो भन्ने नागरिक गुनासाहरूको सुनुवाइ चाहिँ हुनु पर्दछ । यो अबको अपरिहार्य शर्त नै हो । अन्यथा, २०८२ भदौ २३/२४-को संग्रामी अनुभव निःजाँगर सुतिरहन्छ भन्ठान्नु ठूला गल्ती हुनसक्छ र अर्को जाग्रत समयको पुनरागमन हुने अवस्था पनि नआउन सक्तैन !

लोकतान्त्रिक गणतन्त्रोत्तरको कालखण्डलाई समग्रमा समेटेर यसमा कुर्सी हत्याउने खेल (म्युजिकल चेयर) नार्नुलाई प्रथम-प्राथमिकता दिंदै आएका सहभागी तीन पार्टी-मुखियाहरूले यो राष्ट्रलाई आफूहरूले लुटेका र आफ्नाहरूलाई नीतिगत र वैयक्तिक रूपमा लुटाइएका बीभत्स र मर्मस्पर्शी कथाहरू अनेक छन् । तिनको हिसाब-वहीहरू खोलिने क्रममा छन् ! यो कुरो हुन नदिने कसरतमा अहिले उनीहरू बेग्लाबेग्लै र संयुक्त रूपमा पनि लागिरहेका छन् - जसका अप्रत्यक्ष पूर्वाधारको तयारीका दृश्य जो अहिले प्रतिनिधि सभाको बखेडाबाजीलाई छिन्किए स्वतः स्पष्ट हुन्छ ।

मौजूदा सरकारले विस्थापित गरेको केपी ओलीको तानाशही ढबको हुकुमी सरकारकालमा मात्र अनगिन्ती भ्रष्टाचार-कमिसनखोरी काण्डहरू भएका र तिनका खाता जाँचिने कुरा सरकारले भनिरहेको छ , जसलाई नेपालीले हर्षातिरेक लयमा सुनिरहेका छन् । केपी ओली नियन्त्रणको एमालेको एकाधिपत्य कालखण्डहरूमा मात्र : ललिता निवास जग्गा काण्ड,सुनको जलहरी काण्ड, नक्कली भूटानी शरणार्थी काण्ड, यति समूह घोटाला, ओम्नी घोटाला, औषधि खरीद काण्ड, बतास समूह घोटाला, गोकर्ण रिसोर्ट प्रकरण, गिरीबन्धु टी स्टेट प्रकरण, नारायणहिटी संग्रहालय घोटाला, सेक्युरिटी प्रेस काण्ड उर्फ ७०करोड कमिसन काण्ड, वाइड बडी जहाज खरीद काण्ड, पानीट्याङ्की घोटाला, ३३ किलो सुन तस्करी काण्ड, ७६जेन-जेड हत्या काण्ड, महाकाली सन्धि प्रकरण आदि विशेष चर्चामा निफन्निरहेका छन् । यो क्रममा शेरबहादुर देउवा मातहतको नेपाली कांग्रेस र छबिलाल दाहालको प्रचण्ड अवतारले चलाएको माओवादी पनि उत्तिकै बोरिएका छन् । 'गठबन्धन' नामे, सिद्धान्ततः, आत्मसमर्पणकालमा एमालेको कप्ट्याइँ र आँखा चिम्ल्याइँमा उसको कतिपय नैतिक दायित्वको पाटो समेत कम मुछिएको छैन ! अतः यसरी हेर्दा यी अध्यायहरूमा समेत एमालेले दाहिने कान देब्रे हातले कन्याएको जस्तो छलछामे कर्तुत पनि कम उल्लेख्य छैन । समग्रमा देश दोहनको मामिलामा यी तीन पार्टीका मुखिया र कार्बारी-डफ्फेदाररहरू बराबर जिम्मेवार छन् , उन्नइस-बीसको धेर र थोर त स्वाभाविककै हो ।

अर्थात् , समग्रमा आजको 'परिवर्तन'-लाई निर्विकल्प विकल्प मानिरहेका नागरिकमा यस्तो छिप्पएर बटारिएको र यत्ति व्यापक सङ्गालोको परिष्कृति चाहिँ यो अन्तरमुखी सरकारबाट सहज सम्भव होला ? वा फेरि अर्को सहधर्मी क्रान्तिको आवश्यकता पर्ला त ? भन्ने व्यक्त-अव्यक्त जन-संशय रूमलिन थालेका टिप्पणीहरू पनि सुनिँदैछन् ।

भत्काउन जति सजिलो हुन्छ, निर्माण वा पुनर्निर्माण गर्न त्यति सजिलो हुँदैन मात्र होइन धेरै गाह्रो हुन्छ । यो त मानव समाजको अकाट्य व्यावहारिक अवबोध नै हो । ३५/३६ वर्ष नित्य आलो-पालो गर्दै स्वार्थमण्डित वेथिति लादेर भत्काइएका देशका अवयवहरू दुरुस्त बनाउन कठिन नै छ- अझ महाकठिन नै ! के कारण कठिन छ भन्ने यकिन गर्न चाहिँ निरपेक्ष अभ्यन्तरले छिन्किने इमानदारी चाहिन्छ । त्यो हैसियतको नै हाम्रो मैदानी समाजमा कहालीलाग्दो कमी छ ! सायद यही बुझेर अहिले लाइन-छोकडे वा खुजुरे बनेर भौंतारिइरहेका पार्टीहरूले कन्दनी कसेर गेजु-गुल्चे र बखेडाबाजीका सूत्रहरू उद्याइरहेका होलान् । तर, 'झिँगाको श्रापले डिँगा मर्दैन' भन्ने उखानले प्रणोदित नागरिक जो यो सरकारलाई लक्षित लक्ष्यमा सफल देख्न चाहन्छन् । यही नै आजको जीवन्त सत्य हो अनि आजसम्म आँक्न सकिने प्रेरक र सुखद निष्कर्ष पनि । यसलाई यो वर्तमानका बागडोर सम्हालिरहेकाहरूले यसरी नै बुझ्नुपर्छ । अहिले त्यही साहसिक दिनको घनघोर पर्खाइमा छ नेपाल । त्यसैले, बस्, आजलाई यति नै ।

## सामाजिक सञ्जाल

### गगनको समर्थनमा मिराज ढुंगानाको आत्मालोचना

जेनजी अभियन्ता मिराज ढुङ्गानाले नेपाली कांग्रेसका महामन्त्री गगन थापालाई विगतमा दिएको राजनीतिक समर्थनप्रति सार्वजनिक रूपमा आत्मालोचना गरेका छनर । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनका अवसरमा शुभकामना सन्देश दिंदै उनले पुराना दलहरूबाट अपेक्षित परिवर्तन सम्भव नभएको निष्कर्षमा पुगेको बताएका हुनर ।

रास्वपा सभापति रवि लामिछाने र पार्टीप्रति शुभकामना व्यक्त गर्दै ढुङ्गानाले गगन थापाले रास्वपालाई पठाएको शुभकामना सन्देश उनैलाई 'फरवार्ड' गर्न मन लागेको टिप्पणी गरेका छनर । उनका अनुसार अहिले गगन थापालाई अन्य दललाई सुझाव दिनुभन्दा आ॑ नै पार्टीलाई सुदृढ र व्यवस्थित बनाउने चुनौती बढी छ ।

ढुङ्गानाले आफू बाल्यकालदेखि नै गगन थापाको प्रस्तुति र राजनीतिक शैलीबाट प्रभावित रहेको स्मरण गरेका छनर । कांग्रेसप्रति विशेष झुकाव नभए पनि लोकतान्त्रिक व्यवस्थामा गगन थापालाई महत्तरवपूर्ण पात्रका रूपमा हेरेको उनले बताएका छनर ।

तर अहिले आएर गगन थापाले आफ्नै पार्टीलाई अपेक्षित दिशा दिन नसकेको उनको निष्कर्ष छ । उनले लेखेका छनर, "मैले गगन थापाज्यूले बनाउन खोज्नुभएको सुदृढ दललाई आशाको समर्थन पनि दिएको हो । तर आज यो बहुदलीय व्यवस्थामा म एउटा राष्ट्रिय स्वतन्त्र पार्टी मात्र देख्छु । गगन थापाले पार्टीलाई मिलाउन सक्नुभएन, यो म जस्तो





लोकतन्त्र मान्ने व्यक्तिका लागि दुःखको कुरा हो ।"

ढुङ्गानाले पुराना राजनीतिक शक्तिहरूमा अब नैतिक आकर्षण समाप्त हुँदै गएको दाबी गर्दै परिवर्तनको अपेक्षा त्यही संरचनाभित्रबाट पूरा हुन नसकेको बताएका छनर । उनले भनेका छनर, "पुरानासँग त्यो नैतिक आकर्षण छैन र पुरानोलाई सुधारेर नयाँ पार्न नसकेको देख्दा मैले गगन थापाज्यूलाई गरेको समर्थनप्रति आत्मालोचना गर्ने बाहेक विकल्प देखिनँ ।"

उनले नेपाली राजनीतिमा अहिले देखिएको वैकल्पिक राजनीतिक रिक्तता भर्न नयाँ राष्ट्रवादी शक्तिको आवश्यकता रहेको समेत औँल्याएका छनर । ढुङ्गानाको यो अभिव्यक्ति रास्वपाको महाधिवेशनका बीचमा सार्वजनिक भएकाले राजनीतिक वृत्तमा विशेष चासोका साथ हेरिएको छ ।

## सामान्य ज्ञान

१, प्राकृतिक ग्यास, खनिज तेल, कोइला कस्ता प्रकारका ऊर्जाका स्रोत हुन् ?
(क) नवीकरणीय (ख) अनवीकरणीय (ग) दुवै (घ) कुनै पनि होइन


२, यु-१९ विश्वकप क्रिकेट २०२२ को उपाधि विजेता राष्ट्र कुन हो ?
(क) भारत (ख) अष्ट्रेलिया (ग) बेलायत (घ) न्यूजील्याण्ड

३, घोडाघोडी ताल कुन जिल्लामा पर्छ ?
(क) कञ्चनपुर (ख) बाँके (ग) बर्दिया (घ) कैलाली

४, विश्वमा भूकम्पीय जोखिमका हिसावले नेपाल कति औँ स्थानमा पर्छ ?
(क) नवौँ (ख) दसौँ (ग) एघारौँ (घ) बाह्रौँ


अत्याधुनिक प्रविधिद्धारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# हात्ती प्रभावित क्षेत्रमा सुपारीखेती विकल्प बन्दै



**दमक/** झापाको हात्ती प्रभावित क्षेत्रका कृषकका लागि भरपर्दो नगदेबालीका रूपमा सुपारीखेती स्थापित हुँदै गएको छ । झापामा बर्सेनी धान, मकै, गहुँ, तोरी, केरा, उखु र तरकारी बालीमा हात्तीले पुर्‍याउने क्षतिका कारण कृषक प्रभावित भएका छन् ।

विशेष गरी बुद्धशान्ति गाउँपालिका, अर्जुनधारा नगरपालिका र मेचीनगर नगरपालिकाका वनसँग जोडिएका बस्तीमा सुपारीखेती विस्तार हुँदै गएको छ । अन्य बालीको तुलनामा हात्तीबाट कम क्षति हुने, वर्षौँसम्म उत्पादन दिने, कम श्रममा राम्रो आम्दानी हुने तथा अन्तरबाली प्रणाली अपनाउन सकिने भएकाले कृषकको रोजाइ सुपारीतर्फ बढेको हो ।

बुद्धशान्ति गाउँपालिका-१ का वडाध्यक्ष अनिल वाग्लेका अनुसार एक पटक बगान स्थापना गरेपछि सुपारीले ४० देखि ५० वर्षसम्म उत्पादन दिन सक्छ । नियमित सिँचाइ, मल व्यवस्थापन र सामान्य हेरचाह गरे पुग्ने भएकाले श्रम लागत अन्य नगदेबालीको तुलनामा कम पर्ने उनको भनाइ छ । जसका कारण उत्तरी झापाका कृषक सुपारीखेतीतर्फ आकर्षित छन् ।

झापामा सुपारी खेतीको सबैभन्दा ठूलो केन्द्र बुद्धशान्ति गाउँपालिका मानिँदै आएको छ । गाउँपालिकाका वडा नं. १, ३, ४ र ५ का किसानको सुपारीखेती घरघरको आम्दानीसँग जोडिएको छ । वडाध्यक्ष वाग्लेका अनुसार गाउँपालिकाका अधिकांश कृषक प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुपारीखेतीमा निर्भर छन् । बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईंले गाउँपालिकाको ग्रामीण अर्थतन्त्रमा सुपारीखेतीको योगदान उल्लेखनीय रहेको बताउँछन्। उनका अनुसार सुपारीबाट नगद आम्दानी हुने भएकाले कृषकको जीवनस्तरमा सुधार आएको छ । वैदेशिक रोजगारीमा जाने युवामध्ये केही यही खेतीतर्फ फर्किन थालेका छन् । हात्तीको नियमित ओहरदोहर हुने क्षेत्र भएकाले धेरै कृषकले धान वा मकैभन्दा सुपारीलाई सुरक्षित विकल्पका रूपमा रोजेको गाउँपालिका अध्यक्ष प्रसाईंको भनाइ छ ।

### अर्जुनधारा र मेचीनगरमा विस्तार

अर्जुनधारा नगरपालिका र मेचीनगर नगरपालिकाका वनसँग जोडिएका क्षेत्रमा सुपारीखेती विस्तार भइरहेको छ । स्थानीय कृषि प्राविधिकका अनुसार यी दुई पालिकाका करिब ४० प्रतिशत कृषक कुनै न कुनै रूपमा सुपारी उत्पादनसँग आबद्ध छन् । हात्तीले धान, मकै र तरकारीमा ठूलो क्षति पुर्‍याउने गरे पनि सुपारीका बगानमा तुलनात्मक रूपमा कम नोक्सानी हुने अनुभव कृषकहरूले गरेका छन् । यही कारण पछिल्ला वर्षमा नयाँ बगान स्थापना गर्ने क्रम बढेको छ ।

बिर्तामोड, कनकाई, शिवसताक्षी, गौरादह र दमक नगरपालिकामा करिब २० प्रतिशत कृषकले सुपारीखेती गर्दै आएका छन् । सुपारीका बिरूवाको माग बढेसँगै ती क्षेत्रमा व्यावसायिक नर्सरीसमेत सञ्चालनमा आएका छन् । पछिल्लो समय पूर्वपश्चिम महेन्द्र राजमार्ग दक्षिणका कृषकले सुपारीखेती रूचाएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए ।

झापाका कृषकले सुपारीको बगानमा अदुवा, बेसार, कफी, केरा, तरकारी, खुर्सानी तथा अन्य नगदेबाली अन्तरबालीका रूपमा उत्पादन गर्दै आएका छन् । यसले एउटै जग्गाबाट वर्षभरि विभिन्न स्रोतबाट आम्दानी हुने वातावरण सिर्जना गरेको छ । सुपारीको बोटबीचको खाली स्थान सदुपयोग गर्न सकिने भएकाले उत्पादन लागत घट्ने र आम्दानी बढ्ने गरेको छ ।

झापासम्बन्धी पछिल्लो विस्तृत सरकारी तथ्यांक उपलब्ध नभए पनि विगतका अध्ययनले जिल्लामा करिब दुई हजार हेक्टर क्षेत्रफलमा सुपारीखेती हुने गरेको देखाएको छ । झापामा सुपारी उत्पादन बढे पनि प्रशोधन र बजारीकरणमा भने कृषकले विभिन्न समस्या भोग्दै आएका छन् । झापामा सुपारी प्रशोधन गर्ने सहकारी तथा निजी उद्योग स्थापना भए पनि आधुनिक प्रविधि पर्याप्त छैन । बुद्धशान्ति-१ स्थित श्रीकृष्ण सुपारी सहकारी संस्थाले वार्षिक करिब ४०० क्वीन्टल प्रशोधित सुपारी बिक्री गर्ने गरेको जनाएको छ ।

**विश्वकप विशेष**

## हालान्ड र एम्बाप्पे चम्किँदा

### फ्रान्स अन्तिम ३२ मा





**दमक/** फिफा विश्वकप २०२६ अन्तर्गत समूह 'आई' का खेलहरूमा नर्वे र फ्रान्सले प्रभावशाली जित दर्ता गर्दै नकआउट चरण (अन्तिम ३२) मा स्थान सुरक्षित गरेका छन्। स्टार खेलाडी एर्लिङ हालान्ड र किलियन एम्बाप्पेको उत्कृष्ट प्रदर्शनले दुवै टोलीलाई सफलता दिलाएको हो ।

न्यूजर्सी स्टेडियममा भएको रोमाञ्चक खेलमा नर्वेले अफ्रिकी च्याम्पियन सेनेगललाई ३-२ गोलअन्तरले पराजित गर्‍यो । नर्वेको जितमा एर्लिङ हालान्डले दुई गोल गरे भने मार्कस होल्मग्रेन पेडेरसनले एक गोल थपे। पेडेरसनले ४३औँ मिनेटमा गोल गर्दै नर्वेलाई अग्रता दिलाएका थिए । दोस्रो हाफको सुरूमै हालान्डले गोल गर्दै अग्रता दोब्बर बनाए । सेनेगलका इस्माइला सारले ५३औँ मिनेटमा गोल फर्काए पनि पाँच मिनेटपछि हालान्डले व्यक्तिगत दोस्रो गोल गर्दै नर्वेलाई ३-१ को बलियो अवस्थामा पुर्‍याए । इन्जुरी समयमा सारले अर्को गोल गरे पनि सेनेगललाई हारबाट जोगाउन सकेनन् ।

यो जितसँगै नर्वे अन्तिम ३२ मा पुगेको छ । दुई खेलमा चार गोल गरेका हालान्ड सर्वाधिक गोलकर्ताको दौडमा रहेका छन् । पाँच गोलसहित लियोनेल मेस्सी शीर्ष स्थानमा छन् भने फ्रान्सका कप्तान केल्यान एमबाप्पे पनि चार गोलसहित हालान्डसँग बराबरीमा छन् ।

यता फिलाडेल्फिया स्टेडियममा भएको अर्को खेलमा फ्रान्सले इराकलाई ३-० ले पराजित गर्दै लगातार दोस्रो जित निकालेको छ । खराब मौसमका कारण करिब दुई घण्टा खेल रोकिए पनि फ्रान्सले आफ्नो लय कायम राख्यो । कप्तान एम्बाप्पेले दुई गोल गरे भने ओसमान डेम्बेलेले एक गोल थपे । एम्बाप्पेले १४औँ मिनेटमा गोल गर्दै फ्रान्सलाई अग्रता दिलाएका थिए । दोस्रो हाफमा उनले अर्को गोल थपेपछि फ्रान्स बलियो स्थितिमा पुग्यो । त्यसपछि ६६औँ मिनेटमा डेम्बेलेले गोल गर्दै फ्रान्सको जित सुनिश्चित गरे । ६ अंकसहित फ्रान्स समूहको शीर्ष स्थानमा रहेको छ भने नर्वे पनि नकआउट चरणमा प्रवेश गर्न सफल भएको छ । अब आगामी शनिबार नर्वे र फ्रान्सबीच समूह विजेताको प्रतिस्पर्धा हुनेछ भने सेनेगल र इराक आमनेसामने हुनेछन् ।

**मनोरञ्जन**

## 'आइ एम जितबहादुर' हेरेपछि

### नायिका वर्षा राउतको तारिफ





**दमक/** अभिनेता पल शाहले चलचित्र 'आइ एम जितबहादुर' हेरेपछि नायिका वर्षा राउतको खुलेर तारिफ गरेका छन् । उनले भविष्यमा वर्षाजस्तै श्रीमतीको चाहना समेत व्यक्त गरे । हास्यकलाकार जितु नेपालले निर्माण गरेको चलचित्र हेर्दा आफ्नै कथाजस्तो लागेको पलले बताए । उनले भने, 'मेरो कथासँग एकदमै मिल्छ । जितु दाईलाई हेर्दा मै हो जस्तो फिल भइरहेको थियो । सन्दीप क्षेत्रीजस्तो साथी हुनुपर्छ जीवनमा । 'त्यसपछि वर्षालाई आफ्नो अंगालोमा लिएर पलले भने, 'पछि मेरो श्रीमती भयो भने यस्तै हुनुपर्छ ।'

उनले रियल वर्षा नभएर चलचित्रको क्यारेक्टरको कुरा गरिरहेका थिए । त्यसो त उनले रियल वर्षाको पनि तारिफमा कञ्जुस्याई गरेनन् । वर्षाको हरेक फिल्म आफूले हेरेको र उनले निरन्तर 'ग्रो' गरिरहेको देख्दा खुशी लागेको बताए ।

'हामीले एउटै फिल्मबाट 'नाई नभन्नु ल'बाट डेब्यू गरेका हौं । उनको प्रगति देखर प्राउड फिल गर्छु । मैले वर्षाको हरेक फिल्म हेरेको छु । ग्रो भइरहेको छ अभिनयमा । एकदमै खुशी लाग्छ । यो चलचित्रमा पनि एकदमै राम्रो अभिनय गर्नुभएको छ ।' पलले भने । जवाफमा वर्षाले पनि पलको तारिफ गरिन् । पल भिडिओ एडिटर हुँदादेखि नै आफूले चिनेको उनले बताइन् । वर्षाले भनिन्, 'धेरै अगाडि चिनेको हो । एडिटर हुँदादेखि नै कामप्रति प्यासन थियो । पलले गरेको मिहिनेत नजिकबाट देखेको छु । पहिलो चलचित्र सँगै खेलेपछि नै उ सुपरस्टार नै हुन्छ भन्ने लागेको थियो ।'



## मसलादार बस्तु कसरी भण्डारण गर्ने ?

**दमक/** व्यस्त जीवनशैलीमा हरेकदिन बजारमा गएर ताजा तरकारी किन्न धेरैलाई सम्भव छैन । त्यसैले हामी प्रायः एक हप्ता वा महिना भरको लागि तरकारी एकै चोटि किन्छौँ र फ्रिजमा राख्छौँ । तर दुई वा तीन दिनपछि धनियाँ पातहरु कुहिन थाल्छन्, हरियो खुर्सानी चाउरिन थाल्छ र कागती सुकेर ढुङ्गा जस्तै कडा हुन्छ ।

तरकारीको यो बरबादीले हाम्रो खानाको स्वाद मात्र बिगार्दैन हाम्रो मासिक घरायसी बजेटमा पनि ठूलो असर पार्छ । यदि तपाईँ पनि यो समस्याबाट थकित हुनुहुन्छ भने आज हामीले केही सरल र अनौठा घरेलु उपायहरु बताउनेछौँ जसले धनियाँ, कागती, गोलभैँडा र हरियो खुर्सानी जस्ता दैनिक वस्तुहरूलाई हप्ता मात्र होइन, महिनौँसम्म ताजा बस्छन् ।

**धनियाँको पात**

धनियाँको पात लामो समयसम्म भण्डारण गर्न, सफा प्लास्टिक वा सिसाको भाँडो लिनुहोस् र त्यसलाई आधा पानीले भर्नुहोस् । अब, धनियाँको जरालाई भाँडोमा राख्नुहोस् । अथवा, तल्लो डाँठलाई पानीमा डुबाएर, धनियाँलाई 'फूलदानीमा फूल' जस्तै भाँडोमा राख्नुहोस् । यसले धनियाँलाई कम्तीमा एक महिनासम्म फ्रिजमा ताजा र जीवन्त राख्नेछ ।

**कागती**: प्रायः, रेफ्रिजरेटरमा राखिएका कागतीको बाहिरी बोक्रा खैरो वा कालो हुन थाल्छ र यसको रस पूर्ण रूपमा सुक्छ ।

कागतीलाई लामो समयसम्म रसिलो र ताजा राख्न, पानीले भरिएको कन्टेनरमा राख्नुहोस् । एउटा गिलासको भाँडो सफा पानीले भर्नुहोस्, सबै कागतीलाई त्यसमा डुबाउनुहोस् र फ्रिजमा राख्नुहोस् ।

पानीमा डुबाउँदा कागतीले आफ्नो ओसिलोपन गुमाउनबाट बचाउँछ र हप्तापछि पनि उस्तै रसिलो रहन्छ ।

**हरियो खुर्सानी** : यदि हरियो खुर्सानी झोलामा छोडियो भने तिनीहरु चाँडै कालो र कुहिन थाल्छ । यसबाट बचाउन पहिले हरियो खुर्सानीको डाँठहरु भाँच्नुहोस् । अब, एउटा हावा बन्द कन्टेनर लिनुहोस् र टिस्यु पेपर तर ओछ्याउनुहोस् ।

अब हरियो खुर्सानी राख्नुहोस् र त्यसपछि टिस्यु पेपरले छोप्नुहोस् । यो टिस्यु पेपरले अतिरिक्त ओस सोस्छ, जसले गर्दा खुर्सानी ३ देखि ४ हप्तासम्म ताजा रहन्छ ।

**गोलभैँडा** : गोलभैँडा कुहिन र चाउरी पर्नबाट जोगाउन गोलभैँडाको डाँठ, वा माथिल्लो भाग, त्यो ठाउँ हो जहाँ हावा र ब्याक्टेरिया प्रवेश गर्छन् र गोलभेडालाई बिगार्छन् ।

गोलभैँडा भण्डारण गर्नुअघि, डाँठ भएको ठाउँमा थोरै खाना पकाउने तेल लगाउनुहोस् । यो तेलले प्राकृतिक तेलको रूपमा काम गर्छ र गोलभेंडालाई लामो समयसम्म ताजा राख्न मद्धत गर्छ ।

*विभिन्न साइडहरूको सहायतामा ।*

## दैनिक राशिफल

आज मिति
२०८३ साल
असार १० गते
बुधबार
24 June, 2026
तिथि: दशमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा उत्साह जाँगर बढ्ने । गरेका कामहरुमा सफलता। |
| वृष | इ उ ए ओ वा वि वु वे वो | रोजगारको अवसर प्राप्ती । खर्चको मात्रा भने बढ्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | शरीरमा आलस्य । आर्थिक पक्षमा सुधार । |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | साथीभाइबाट सहयोग । अध्ययन क्षेत्रमा सुधार । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | मान्यजनबाट आशिर्वाद । मिष्ठान्न परिकार प्राप्ती । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मनमा धेरै कुरा खेल्ने । योजना अनुसार काम अधुरो । |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | स्वास्थ्यमा गडबडी । मन धार्मिक कार्यमा जाने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | पठन पाठनमा सुधार । भ्रमणको योग । मित्र मिलन । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आर्थिक उन्नति । ब्यापार व्यवसायमा लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | परिवारमा खुशीयाली । नयाँ बस्त्रधारणको योग । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | मन खिन्न । स्वास्थ्यमा क्रमिक सुधार। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मानसम्मान मिल्ने । सामाजिक कार्यमा सरिक । |

# विद्यार्थीलाई पहिलो पाइलाको सहयोग



**दमक/** पहिलो पाइला नेपाल दमक शाखाले 'भाग्य बोक्ने झोला' अभियान अन्तर्गत पाँचथरका विद्यार्थीलाई झोला, कापी, कलम तथा खाजा वितरण गरेको छ । पाँचथर जिल्लाको मिक्लाजुङ गाउँपालिकास्थित विभिन्न विद्यालयमा अध्ययनरत विपन्न तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई सामग्री वितरण गरेको हो ।

मिक्लाजुङ-क्षेत्रमा रहेको चन्द्रेस्वर माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा सो विद्यालयका ७४ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको थियो । त्यसैगरी कन्याटारस्थित जनज्योति आधारभूत विद्यालयका २५ जना, तीनकुनेस्थित वीरेन्द्र आधारभूत विद्यालयका ८ जना, चुबेकस्थित विद्यालयका १५ जना तथा जोगीडाँडास्थित पञ्चेश्वरी आधारभूत विद्यालयका १७ जना विद्यार्थीलाई समेत शैक्षिक सामग्री तथा खाजा वितरण गरिएको पहिलो पाइला नेपाल दमक शाखाकी सचिव पूजा दाहालले जानकारी दिइन् ।

यो सेवाबाट पाँच विद्यालयका गरी जम्मा १३९ जना विद्यार्थी लाभान्वित भएका छन् । चन्द्रश्वर माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महाप्रसाद राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मिक्लाजुङ गाउँपालिकाका जनप्रतिनिधि मोहन राई प्रमुख अतिथि रहेका थिए ।

कार्यक्रममा पहिलो पाइला नेपाल दमक शाखाका अध्यक्ष राजु निरौला, केन्द्रीय सचिव दिवस खतिवडा, सामाजिक अभियन्ता महेश घिमिरे, नेपाल शिक्षक महासंघ मिक्लाजुङका अध्यक्ष शिरीप्रसाद राई, प्रधानाध्यापक रसलाल यादव, सूर्यकिरण विद्यालयका शिक्षक ताराबीर राई, पञ्चेश्वरी आधारभूत विद्यालयका शिक्षक राकेश पण्डित, पहिलो पाइला नेपाल दमक शाखाका उपाध्यक्ष लबराज खड्का, सचिव पूजा दाहाल, कोषाध्यक्ष विनोद अधिकारी, सदस्य नवराज अधिकारी, कन्याटार गोल्ड क्लबका उमेश घिमिरे, अभिभावक, शिक्षक तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूले भौगोलिक रूपमा विकट र आर्थिक रूपमा विपन्न समुदायका विद्यार्थीहरूका लागि पहिलो पाइला नेपाल दमक शाखाले गरेको सहयोग अत्यन्त प्रशंसनीय रहेको बताए ।

कन्याटार गोल्ड क्लबको प्राविधिक सहयोगमा सम्पन्न उक्त कार्यक्रम पहिलो पाइला नेपाल दमक शाखाले विभिन्न सहयोगीदाताबाट प्राप्त आर्थिक सहयोगमार्फत सञ्चालन गरेको जनाएको छ ।

---

*__बद्लिँदै.....__ दीर्घकालीन आम्दानीको स्रोतका रूपमा लिनुपर्ने बताउँछन् । 'एकपटक रोपेको कफीले वर्षौंसम्म उत्पादन दिन्छ, त्यसैले यो टिकाउ खेती हो,' उनी भन्छन् ।*

*अर्की स्थानीय सङ्गीता राईले नगरपालिकाबाट बिरूवा, मल र उपकरण पाएपछि काम गर्न निकै सजिलो भएको र यसमा महिलाहरूको सक्रिय सहभागिताले महिला सशक्तीकरणमा समेत योगदान पुऱ्याएको बताइन् । वैदेशिक रोजगारीबाट फर्किएका स्थानीय कृषक मुक्ति राई पनि विदेश जानुभन्दा गाउँमै मिहिनेत गर्दा कफीबाट राम्रो आम्दानी लिन सकिने अनुभव सुनाउँछन् ।*

*गरिबी न्यूनीकरण र कृषिको व्यवसायीकरणलाई लक्ष्य बनाउँदै षडानन्द नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा करिब ३ करोड रूपैयाँको लगानीमा प्राङ्गारिक कफीखेती विस्तार तथा व्यवसायीकरण परियोजना सुरू गरेको छ । कफीलाई आयआर्जन र रोजगारीको मुख्य आधार बनाउने, आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धन गर्ने र स्थानीय उत्पादनको 'ब्रान्डिङ' गर्ने लक्ष्यसहित कार्यक्रमलाई प्राथमिकतामा राखिएको हो ।*

*कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले १ करोड ६५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ भने किसानको लागत साझेदारीसमेत समावेश गर्दा परियोजनाको कुल आकार २ करोड ८९ लाख रूपैयाँ पुग्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृकाप्रसाद दाहालले जानकारी दिए । सार्वजनिक-निजी साझेदारीको यो अभ्यासले उत्पादन र बजारबिचको दूरी घटाउने तथा आगामी पाँच वर्षभित्र षडानन्दलाई 'कफी हब' का रूपमा विकास गर्ने नगरपालिकाको योजना छ । पहाडी भूभाग, मध्यम तापक्रम र उपयुक्त वर्षाले कफीका लागि अनुकूल वातावरण प्रदान गरेको छ ।*

*परियोजनाअन्तर्गत पहिलो चरणमा १५७ जना किसान प्रत्यक्ष रूपमा लाभान्वित हुने कृषि शाखा प्रमुख शिला पुन मगरले जानकारी दिइन्। उनीहरूका लागि ७५ हजार वटा कफी बिरूवा, खेत जोत्नका लागि ५ एचपी क्षमताका ११३ वटा र ७ एचपी क्षमताका ५० वटा मिनीटिलर उपलब्ध गराइनेछ। साथै २० वटा ब्रस कटर, २५७ वटा स्प्रेयर र १६ वटा सिकेचर वितरण गरिनेछ। खेतीलाई पूर्ण रूपमा प्राङ्गारिक बनाउन २२ हजार ६२० केजी गोठेमल, २१ हजार ३६० केजी हड्डी मल, ८६ लिटर खनिज तेल, १०० लिटर बोर्डो पेस्ट र ३३ लिटर इएम (इफेक्टिभ माइक्रोअर्गानिज्म) समेत उपलब्ध गराइनेछ ।*

*कृषि क्षेत्रको व्यवसायीकरण र ग्रामीण अर्थतन्त्रको सुदृढीकरणका लागि यो कार्यक्रम सञ्चालन गरिएको षडानन्दका नगरप्रमुख सुरेन्द्रकुमार उदास बताउँछन् ।*

*नगर उपप्रमुख प्रमिला राईका अनुसार यो कार्यक्रमले वैदेशिक रोजगारीबाट फर्किएका युवालाई गाउँमै टिकाउने आधार तयार गर्नेछ । नगरपालिकाले सामग्री वितरणमा मात्र सीमित नरही बिरूवा रोप्ने विधि, रोग नियन्त्रण र पोस्ट-हार्भेस्ट व्यवस्थापनलगायतका विषयमा क्षमता अभिवृद्धि तालिम समेत सञ्चालन गर्नेछ । कफीखेतीका लागि समुद्री सतहबाट ८०० मिटरदेखि १ हजार ८०० मिटरसम्मको क्षेत्र उपयुक्त मानिन्छ र षडानन्दका १४ वडामध्ये १३ वटा वडामा यो खेती विस्तार भइरहेको छ । कफीलाई पर्यटनसँग जोडेर 'एग्रो-टुरिज्म' को रूपमा विकास गर्ने सम्भावना समेत रहेको छ ।*

**निष्पक्ष.....**आवश्यकता औंल्याउँदै एक वर्षभित्र कांग्रेसलाई भरोसायोग्य पार्टीका रूपमा स्थापित गर्ने दाबी गरे । उनले पार्टीलाई भागबण्डाभन्दा संस्थागत प्रक्रियाअनुसार अघि बढाइने उल्लेख गर्दै थापाले १४औँ महाधिवेशनबाट बनेको संरचना र विशेष महाधिवेशनबाट आएको संरचनालाई एकै ठाउँमा मिसाउने प्रस्ताव विधानविपरीत हुने भएकाले आफूले त्यस्तो काम गर्न नसक्ने बताए । '१५औँ महाधिवेशन निष्पक्ष र पारदर्शी बनाउन सबै पक्षलाई समेट्न तयार छौँ, तर विधान मिचेर संरचना जोड्ने काम म गर्न सक्दिनँ,' उनले भने ।

**पहिरोले.....**भने हुन नपाएको वडाध्यक्ष लिम्बूले जानकारी दिए । वर्षाको सम्भावना अझै रहेकाले तेम्बुङ टोलका बासिन्दा अहिले सुरक्षित घर तथा ठाउँ रोजेर बस्दैआएको बताइएको छ । यता पहिरोले गरेको क्षतिको विवरण सङ्कलनको कार्य भइरहेको वडाध्यक्ष लिम्बूले बताए ।

यस्तै, वर्षाका कारण विभिन्न ठाउँमा बाढी र पहिरो जाँदा कतिपय ग्रामीण सडकहरु अवरुद्ध भएका छन् ।

**रास्वपा.....**प्रस्तावलाई सहमहामन्त्री विपिन कुमार आचार्यले प्रस्तुत गर्नेछन् ।

त्यसपछि पार्टीको नीतिगत दिशा स्पष्ट पार्न उपसभापति डा. स्वर्णिम वाग्लेले 'अर्थ-राजनीतिक प्रस्तावना' प्रस्तुत गर्ने कार्यतालिका छ । त्यसपछि सभापति रवि लामिछानेले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नेछन् । जसमाथि सहभागीहरूले छलफल गर्नेछन् ।

बन्दसत्रको अन्त्यतिर सभापति लामिछानेले नै अन्तरिम व्यवस्थापन समिति गठनको घोषणा गर्नुका साथै आयोजक समितिले सम्हाल्दै आएको सम्पूर्ण जिम्मेवारी निर्वाचन आयोगलाई हस्तान्तरण गरिने तालिका रहेको छ । बन्दसत्रको अन्तिम चरणमा निर्वाचन आयोगले निर्वाचन प्रक्रियासम्बन्धी जानकारी र कार्यतालिका प्रकाशन गर्नेछ । निर्वाचन आयोगका अनुसार तालिका प्रकाशन भएपछि निर्वाचनका बाँकी प्रक्रियाहरू निरन्तर रूपमा अगाडि बढ्ने रास्वपाले जनाएको छ ।

## अन्तर्राष्ट्रिय

# नाइजेरियाको आक्रमणमा २० जनाको मृत्यु

**एजेन्सी/** नाइजेरियाको मध्य पठार राज्यमा अज्ञात सशस्त्र समूहले गरेको आक्रमणमा कम्तीमा २० जनाको मृत्यु भएको छ । प्रहरीले घटनाबारे मंगलबार जानकारी दिएको हो । प्रहरीका अनुसार बोकोस स्थानीय सरकारी क्षेत्रमा पर्ने कावेल समुदायलाई लक्षित गरी आक्रमणकारीहरूले पहिलो चरणमा गोली प्रहार गरेका थिए । त्यसपछि घटनास्थलबाट भाग्नुअघि उनीहरूले धारिला हतियार प्रयोग गरी थप आक्रमण गरेका थिए ।

पठार राज्यका प्रहरी प्रवक्ता अल्फ्रेड अलाबोका अनुसार १८ जनाको घटनास्थलमै मृत्यु भएको पुष्टि भएको थियो । घाइते तीन जनालाई उपचारका लागि अस्पताल लगिएकोमा दुई जनाको पछि मृत्यु भएको छ । प्रहरीले आक्रमणको उद्देश्य अझै स्पष्ट नभएको बताउँदै घटनाको अनुसन्धान सुरू गरिएको जनाएको छ ।

# इरानमाथि फेरि कारवाही हुने ट्रम्पको चेतावनी

**एजेन्सी/** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्विट्जरल्यान्डमा भएको वार्तापछि इरानले सम्झौताको पालना नगरे वा उचित व्यवहार नदेखाए आफूहरु फेरि कारबाही गर्न तयार रहेको बताएका छन् । ट्रम्पले भने, 'यदि इरान आˆना प्रतिबद्धतामा अडिग रहँदैन भने मैले जे गर्नुपर्छ, त्यही गर्नेछु ।'

उनले इरानसँग आफू वा अमेरिकामाथि दबाब सिर्जना गर्ने कुनै प्रभावकारी क्षमता नरहेको पनि दाबी गरे । हालैका घटनापछि इरानको सैन्य तथा आर्थिक अवस्था निकै कमजोर बनेको उनको भनाइ थियो । ट्रम्पले इरानलाई परमाणु हतियार प्राप्त गर्नबाट रोक्नु आफ्नो सबैभन्दा ठूलो प्राथमिकता रहेको दोहोऱ्याए ।

# विपद् प्रतिकार्य स्वयंसेवक तालिम

**धनकुटा/** धनकुटास्थित सशस्त्र प्रहरी बल नेपाल नं. ६ गुल्म हेडक्वाटर छिन्ताङमा समुदायस्तरीय विपद् प्रतिकार्य स्वयंसेवक समूह निर्माणका लागि तालिम सुरू गरिएको छ । कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह वाहिनी मुख्यालय पकली (सुनसरी) र सशस्त्र प्रहरी बल नेपाल नं. ६ गुल्म हेडक्वाटर छिन्ताङ ( धनकुटा) को संयुक्त आयोजनामा तालिम सुरू भएको हो ।

तालिममा १३ जना पुरूष र सात जना महिला गरी जम्मा २० जना प्रशिक्षार्थी सहभागी छन् । तीमध्ये १३ जना विपद् सूचक तथा स्थानीय बासिन्दा र सात जना नगर प्रहरी छन् । मङ्गलवारदेखि सुरू भएको तालिम सात दिनसम्म सञ्चालन हुने सशस्त्र प्रहरी बल नं. ६ गुल्मले जनाएको छ । तालिममा विपद्को परिचय, बाढीपहिरो तथा पानीजन्य विपद् खोज तथा उद्धार, भूकम्प, आगलागी नियन्त्रण तथा सुरक्षा, भत्केका संरचनामा खोज तथा उद्धार, प्राथमिक उपचार, गाँठोको प्रकार तथा प्रयोग विधिसम्बन्धी विषयमा प्रशिक्षण दिइने छ ।

**पूर्वी.....**उत्पन्न भएको थियो ।

सीमानाकामा एकीकृत जाँच प्रणाली पुनः सञ्चालनमा आएसँगै भन्सार छली, न्यून मूल्यांकन तथा अवैध ओसारपसार नियन्त्रणमा थप प्रभावकारिता आउने अपेक्षा गरिएको छ । एउटै स्थानमा आवश्यक प्रक्रिया पूरा गर्न सकिने भएपछि समयको बचत हुनुका साथै प्रशासनिक झन्झटसमेत घट्ने मेची भन्सार प्रमुख शिवलाल न्यौपानेको भनाइ छ ।

उक्त एकाइ सञ्चालनमा आएको अवसरमा मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत न्यौपाने, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायब उपरीक्षक निशेष चापागाईं तथा सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म काँकरभिट्टाका गणपति सशस्त्र प्रहरी उपरीक्षक विकास थापाले संयुक्त रूपमा इकाई सञ्चालनमा आएको घोषणा गरेका हुन् । हाल जाँचस्थलमा 'एक्स-रे' मेसिन भने जडान गरिएको छैन। सम्बन्धित निकायले आवश्यक प्रक्रिया पूरा गरी छिट्टै पुनः मेसिन सञ्चालनमा ल्याउने जानकारी दिएका छन् ।


रबर स्ट्याम्प बनाउने ठाउँ

बिजि स्टेशनरी एण्ड छापाखाना

दमक-६, मोबाइल लाईन ।

९८०१४१४५२६/९८४३०३४५२६



गर्मी मौसममा सावधानी अपनाऔ, सुरक्षित बनौं

⇒ प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
⇒ अत्यधिक घाममा लामो समयसम्म नबसौं,
⇒ चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
⇒ जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
⇒ बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
⇒ तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
⇒ घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# झापाको वन क्षेत्र मात्र ११ प्रतिशत,५० हेक्टरमा बृक्षारोपण गरिदै



**बिर्तामोड/** थोरै वन क्षेत्र र उच्च जनघनत्वका कारण मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दै गएपछि झापामा बृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिइएको छ । कुल क्षेत्रफल १६०६ वर्ग किलोमिटर रहेको झापामा जम्मा वन क्षेत्र १८०६५ हेक्टर मात्र रहेको छ । जुन ११.२४ प्रतिशत हो । तर, जिल्लाको जनसंख्या अत्यधिक बढ्दो क्रममा छ । हाल ९ लाख ९८ हजार ५४ जनसंख्या रहेको झापामा तीव्र बसाइँसराइ भइरहेको छ । आन्तरिक र सीमापारबाट आएर बसोबास गर्ने जटिलता देखिएको छ ।

नेपालको वन क्षेत्र करिव ४६ प्रतिशत र हेको छ। वन तथा वातावरण मन्त्रालयका अनुसार नेपालको वन क्षेत्र शून्य दशमलव ७५ प्रतिशत बढेर ४६ प्रतिशत नाघेको हो।नेपालले वन क्षेत्र विनाशलाई सन् २०३० सम्म शून्यमा झार्ने र वन क्षेत्र ५० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ ।

त्यस लक्ष्य हासिल गर्न झापामा गाह्रो देखिएको छ । मानव र वन्यजन्तुबीच बढ्दो द्वन्द्वलाई मध्यनजर गरी बृक्षारोपण कार्यक्रमलाई प्राथमिकताका अगाडि बढाइएको डिभिजन वन कार्यालय झापाले जनाएको छ । यस वर्ष सामुदायिक वनहरूसंग समन्वय गरी करिव ५० हेक्टर खाली जमिनमा बृक्षारोपण गरिने डिभिजन वन कार्यालयका वन अधिकृत र ामभक्त यादवले बताए । राष्ट्रिय वन विकास तथा व्यवस्था कार्यक्रमअन्तर्गत तारवारसहित १५ हेक्टर, नमूना बृक्षारोपण कार्यक्रमअन्तर्गत २० हेक्टर , प्रदेश सरकारको वन विकास तथा जडीबुटी प्रवर्द्धन कार्यक्रमअन्तर्गत ४ हेक्टर ,कृषि वन तथा प्रवर्द्धन कार्यक्रमअन्तर्गत ४ हेक्टरमा बृक्षारोपण गरिने वन अधिकृत यादवले जानकारी दिए ।

झापाका पाँचवटा नर्सरीमा यस वर्ष करिव २ लाख बिरूवा उत्पादन गरिएको छ । डिभिजन वन कार्यालयको नर्सरी चन्□गढी , सव डिभिजन नर्सरी मेची बहुवन , जलथल सव डिभिजन र गियाडाँडा, दमक सव डिभिजन झिलझिले , कन्काई सव डिभिजन सुरुङ्गामा विभिन्न प्रजातिका बिरूवाको नर्सरी राखिएको छ ।

त्यसबाहेक डिभिजन वन कार्यालयले करिव १० लाखको बाँसको बिरूवा र करिव १० लाखको फलफूलको बिरूवा खरिद गरी निःशुल्क वितरण गर्ने भएको छ । जंगली हात्तीबाट जोगिन हात्ती प्रभावित क्षेत्रमा बाँसको बिरूवा बितरण गरिने यादवले जानकारी दिए । उनका अनुसार यस वर्ष श्रीखण्डको बिरूवा पनि बितरण गरिने भएको छ ।

**सरकार.....**सरकार तानाशाही, अधिनायकवादी बाटोमा हिँडेकाले बैठकले सदनमा दृढतापूर्वक कानुनी शासन र लोकतन्त्रको आधारभूत मूल्य मान्यताका पक्षमा दृढतापूर्वक उभिएर सदनमा संघर्ष गर्ने निर्णय गरेको बताए । अध्यक्ष केपी ओलीको उपशिथतिमा बसेको बैठकले सात बुँदे प्रस्ताव पारित गरेको प्रमुख सचेतक महरले जानकारी दिए ।


Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्



गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा

गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०



एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड

प्रधान कार्यालय, एशियन लाईफ भवन,मैतिदेवी,काठमाण्डौ

बीमालेख हराएको सूचना

यस कम्पनीको दमकबाट जारी भएको तपसिल बमोजिमको बीमालेख हराएकोले सो को प्रतिलिपि बीमालेख जारी गरी पाउँ भन्ने ब्यहोरा सहितको निवेदन सम्बन्धित बीमितहरुबाट यस कम्पनीमा प्राप्त भएको छ । सो बीमालेख उपर कोही कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र यस कम्पनीको प्रधान कार्यालयमा प्रमाणसहित निवेदन दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग बमोजिम सम्बन्धित बीमितको नाममा प्रतिलिपि बीमालेख जारी गरिने ब्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

तपसिल

| क्रस | बीमालेख नं. | नाम | ठेगाना |
|---|---|---|---|
| 1 | 58210015415 | Kumar Shrestha | Urlabari |



उर्लाबारी नगरपालिकाको सँधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०८बस्ने सरिता सेवाको नाममा दर्ता कायम रहेको राजघाट ७/क मा भएकि कि.नं. ९६६ ज.वि. ०-१-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्वतर्फ सँधियार सुर्जे कुमार राई दक्षिणतर्फ सँधियार निर्मला खत्रि उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।


**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२. **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल